**नेपाल सरकार**

## राष्ट्रिय परीक्षा बोर्ड

## परीक्षा नियन्त्रण कार्यालय कक्षा १०

**सानोठिमी, भक्तपुर**

# SMS, IVR वा Website बाट (एसइइ २०८०) को नतिजाको जानकारी गराउने सम्बन्धी सूचना

सूचना प्रकाशित मितिः २०८१।०२।२३

राष्ट्रिय परीक्षा बोर्ड, माध्यमिक शिक्षा परीक्षा कक्षा १० (एसइइ २०८०) को नतिजा सम्बन्धी विवरण परीक्षा नियन्त्रण कार्यालयबाट प्राप्त गरी SMS, IVR (टेलिफोन) र Website सेवाका माध्यमबाट जानकारी दिन इच्छुक संघ-संस्था वा कम्पनीले आफूले जानकारी दिन चाहेको सेवाको विवरण खोली तपसिल बमोजिम शर्तको अधीनमा रही मिति २०८१।०३।०५ गतेभित्र यस कार्यालयमा निवेदन दिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**<u>शर्तहरू</u>**

१. संघ, संस्था वा कम्पनी प्रचलित कानुन वमोजिम दर्ता भएको हुनुपर्नेछ ।

२. संघ, संस्था वा कम्पनी भ्याट/प्यानमा दर्ता भएको र आ.व. २०७९/८० को कर चुक्ता गरेको हुनुपर्नेछ ।

३. SMS बाट प्रकाशनका लागि एकमुस्ट रु.४००००। (चालिस हजार मात्र), Website बाट प्रकाशनका लागि एकमुस्ट रु.२०,०००।– (बीस हजार मात्र), SMS / Website सेवाका लागि एकमुस्ट रु.६००००। (साठी हजार मात्र), SMS, IVR र Website सेवाका लागि एकमुस्ट रु.१०००००। (एक लाख मात्र) का दरले सेवा उपलब्ध गराउने प्रयोजनका लागि राजश्व बुझाउनु पर्नेछ ।

४. उक्त राजश्व रकम आन्तरिक राजश्व कार्यालय, भक्तपुरको कार्यालय कोड ३५०३१३३०१ को राजश्व शीर्षक नं १४२२३ मा जम्मा गर्नुपर्ने छ ।

५. प्रस्ताव पेश गर्दा खाम बाहिर SMS, IVR तथा Website सेवा सम्बन्धी प्रस्ताव भनी स्पष्ट उल्लेख गर्नुपर्नेछ ।

६. राष्ट्रिय परीक्षा बोर्ड, परीक्षा नियन्त्रण कार्यालय कक्षा १० बाट नतिजा प्रकाशन गरेपछि मात्र नतिजा सम्बन्धी विवरण उपलब्ध गराइने छ ।

७. नतिजा सम्बन्धी जानकारी दिने कार्य नतिजा प्रकाशन भएको मितिले एक महिनापछि सो सेवा अनिवार्य बन्द गर्नुपर्नेछ ।

८. विगतमा यस्तो सेवा उपलब्ध गराउन नतिजा सम्बन्धी विवरण प्राप्त गरेका संस्थाहरुले सेवाप्रदायक संस्थाबाट विवरण प्रमाणित गराई राजश्व रकम जम्मा गर्न बाँकी भएमा राजश्व रकम जम्मा गरेपछि मात्र निवेदन दिन सक्नेछन् ।

९. नतिजा सम्बन्धी विवरण उपलब्ध गराउने वा नगराउने अधिकार राष्ट्रिय परीक्षा बोर्ड, परीक्षा नियन्त्रण कार्यालय कक्षा १० मा रहनेछ ।

१०. सेवा प्रदायक संस्थालाई मात्र Website मार्फत सेवा प्रदान गर्ने अनुमति दिइने छ ।

११. अन्य आवश्यक शर्तहरु सम्झौता पत्रमा उल्लेख भए वमोजिम हुनेछ ।

१२. शर्त बन्देज पालना नभएमा तथा यस कार्यालयको स्वीकृति बेगर नतिजाको तथ्याङ्क प्रकाशित गरेको पाइएमा प्रचलित कानुन बमोजिम कारवाही हुनेछ ।

**विस्तृत जानकारीको लागि परीक्षा नियन्त्रण कार्यालय, कक्षा १० सानोठिमीमा सम्पर्क गर्न सकिनेछ ।**

**नियन्त्रक**